नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/५/०७८/७९

मितिः- २०७९/०१/१९

भुक्तानी सम्वन्धी कार्य गर्ने अनुमतिपत्रप्राप्त सबै संस्थाहरु ।

विषयः **भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७८ मा संशोधन/थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्वन्धी कार्य गर्ने संस्थाहरुलाई मिति २०७८/०५/२९ मा जारी गरिएको भुक्तानी प्रणाली सम्वन्धी एकीकृत निर्देशन-२०७८ मा देहाय वमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **अ.प्रा.निर्देशन नं.५/०७८ को बुँदा नं. १ (५) मा संशोधन :**

सामान्यतया क्रेडिट कार्डबाट नगद कारोबार गर्न पाइने छैन । तर अत्यावश्यक भएको अवस्थामा कार्डको स्वीकृत सीमाको १० (दश) प्रतिशतसम्म नगद झिक्न बाधा पुगेको मानिने छैन । साथै, **क्रेडिट कार्डमार्फत वालेटमा लोड गरिएको रकम वस्तु तथा सेवाको विद्युतीय भुक्तानीको लागि मात्र प्रयोग गर्नुपर्नेछ । उक्त रकम बैंक खातामा ट्रान्सफर गर्न र नगद झिक्न नमिल्ने व्यवस्था सम्बन्धित भुक्तानी सेवा प्रदायक संस्थाले गर्नुपर्नेछ ।**

२. **अ.प्रा.निर्देशन नं.१४/०७८ को बुँदा नं. १ मा उपबुँदा (६) र (७) थप :**

**(६) विद्युतीय वालेटमा ग्राहकले खाता खोल्दा तथा ग्राहक पहिचान विवरण अद्यावधिक गर्दा "पेश गरेको विवरण ठिक साँचो रहेको तथा सो विवरण झुटो ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला" भन्ने व्यहोराको विद्युतीय रुपमा स्वःघोषणा गर्न लगाउनुपर्नेछ ।**

**(७) विद्युतीय वालेटमा रकम लोड गर्दा, एक वालेटबाट अर्को वालेटमा रकमान्तर गर्दा तथा अन्य विद्युतीय भुक्तानी कारोबार गर्दा अनिवार्य रुपमा प्रयोजन खुलाउनुपर्ने व्यवस्था गर्नुपर्नेछ ।**

भवदीय,

(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
**Website: www.nrb.org.np**
**E-mail : psdept @nrb.org.np**


५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।